त्रिपुरासुन्दरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पिस्कर, सिन्धुपाल्चोक
२०७३
बागमती प्रदेश ,नेपाल

फोन नं.०१-६२०१६६३/०१-६२०१६६२
वेवसाइटः tripurasundarimunsindhupalchowk.gov.np

प.स.: २०७६/०७७

च.नं :

# प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७७/०४/१६)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.स. २०७७/०७८ च.न. PMEP/ २३ को मिति २०७७/०४/१२ को पत्रानुसार यस त्रिपुरासुन्दरी गाउँ पालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगको इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र. स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १ ०७७/०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभव :-**

क. सिभिल इन्जिनियरिङमा प्रविणता पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको

ख. अनुभव र सीप : प्राविधक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ :-

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतको लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

ग. उमेर :- कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको

२. दरखास्त दिने स्थान :- त्रिपुरासुन्दरी गाउँपालिका कार्यालय, पिस्कर- सिन्धुपाल्चोक

३. दरखास्त दिने अन्तिम मिति : २०७७/४/३०

४. आवेदनको दस्तुर : रु. ४००।- (अक्षरुपी : चार सय मात्र ।)

५. छनौटको किसिम :- प्रारम्भिक योग्ताक्रमको सूची प्रकाशन र लिखित परीक्षा

६. आवेदन साथ संलग्न कागजातहरु :- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

- नागरिकता, न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र, चारित्रिक प्रमाण पत्र, अनुभव खुल्ने कागजात, २ प्रति पासपोर्ट आकारको फोटो

७. सेवा सुविधा :- गाउँपालिका प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।

८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरण :- गाउँपालिका प्राविधिक सहायक पदपूर्ति सम्बन्धि प्रक्रिया को दफा (९) बमोजिम हुनेछ ।